आर्थिक वर्ष : २०७९/८०
बैठक संख्या : ०५

आज मिति २०७९/०६/३० गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको वैठकवाट निम्न अनुसारको उपस्थितिमा तपशिल बमोजिमको निर्णय सर्वसहमतबाट गरियो ।

<u>उपस्थितिः</u>

श्री सुर्य बहादुर कुँवर, अध्यक्ष
श्री भगवती शर्मा, उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी., सदस्य
श्री नोम वहादुर गुरुङ्ग, सदस्य
श्री मनुकुमारी राना, सदस्य
श्री मुक्त वहादुर गुरुङ्ग, सदस्य
श्री ङन बहादुर थापा, सदस्य
श्री कृष्ण बहादुर क्षेत्री, सदस्य
श्री मेखराज गुरुङ्ग, सदस्य
श्री नविन कुमार आले, सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ, सदस्य
श्री र माया गुरुङ्ग, सदस्य
श्री दुर्मा देवी थापा, सदस्य
श्री इन्दिरा पोखेल, सदस्य
श्री पाल सिं विश्वकर्मा, सदस्य
श्री कोपिला वि.क., सदस्य
श्री अनन्तराज न्यौपाने, सदस्य सचिव प्र.प्र.अधिकृत
श्री जिवलाल भुसाल, अधिकृत छैटौं

**निर्णय नं. १**

मिति २०७९/०६/३०

विरुवा गाउँपालिकाका कार्यालयको आर्थिक बर्ष २०७९/८० का लागि बार्षिक योजनामा उल्लेखित उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको सम्झौता वडास्तरबाटै गर्ने निर्णयअनुरुप भौगोलिक रुपमा असहज र टाढा रहेका वडा नं. ३, ४, ६ र ७ मा यथाशिघ्र योजना सम्झौता शिबिर संचालन गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. २**

विरुवा गाउँकार्यपालिका कार्यालयद्धारा आ.ब. २०७९/८० मा नमुना बाल बिकास केन्द्र स्थापनाका लागि मिति २०७९/०४/३१ गतेको कार्यपालिका बैठकबाट छनौट भएका १० वटा आधारभूत बिद्यालयहरुलाई १० वटा आधारभूत बिद्यालयमा नमुना बालबिकास व्यवश्थापन शिर्षकमा बिनियोजित रकमबाट रु १,५०,०००/- का दरले उपलब्ध गराउने गरि कार्यान्वयन प्रक्रिया अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ३**

विरुवा गाउँपालिका वडा नं ६ मा निर्माण गर्न लागिएको १० शैयाको अस्पतालका लागि चिन्नेवास स्वास्थ्य चौकीको नाममा रहेको जग्गा अस्पताल निर्माणका लागि पर्याप्त नदेखिएकोले उक्त स्थानसंगै रहेको नेपाल सरकारको नाममा स्रेस्ता कायम रहेको सरकारी जग्गा (कि.नं. १०८४) बाट कित्ताकाट गरी १०-७-०-२ क्षेत्रफलको जग्गा अस्पताल निर्माण प्रयोजनार्थ उपलब्ध गराईदिनको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ४**

विरुवा गाउँपालिका कार्यालयको आ.ब. २०७९/८० को बार्षिक बजेटमा भुरुङचौकी प्राविधिक बिद्यालय शिर्षकमा बिनियोजित रु ५,००,०००/- रकम भुरुङचौकी माध्यामिक बिद्यालयका प्राबिधिक धारतर्फका शिक्षक ब्यवश्थापनका लागि अनुदान स्वरुप उपलब्ध गराउने सर्बसहमतिले निर्णय गरियो।

CamScanner

मिति २०७९/०६/३०

निर्णय नं. ५

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को संघिय शशर्त कार्यक्रम अन्तर्गत अदुवा, बेसार पकेट क्षेत्र संचालनका लागि बिनियोजित रु १२,००,०००/- रकमबाट वडा नं २, ३ र ५ मा अदुवा, बेसार पकेट कार्यक्रम संचालन गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ६

विरुवा गाउँपालिका वडा नं १ ललाङफेदीस्थित प्रतिक्षालय मर्मत सम्भार कार्यमा खर्च भएको प्राविधिक मूल्याङ्कन अनुसारको एकमुष्ठ रकम रु २०,०००/- विरुवा ग्रिल उधोगलाई गाउँपालिका स्तरीय फूटकर योजना खर्च शिर्षकबाट भुक्तानी दिने साथै हालसालै भएको अविरल बर्षाका कारण विरुवा गाउँपालिका वडा नं. ५ निबासी मोहन बहादुर थापाको धन्सार भत्किएर पशुधन लगायतको क्षती भएकाले राहातस्वरुप रु २०,०००/- बिपद ब्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी दिने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ७

गण्डकी प्रदेश सरकार मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयद्धारा जारी स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७९ बमोजिम विरुवा गाउँपालिका कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको तहमिलान र तहबृद्धि प्रयोजनका लागि सूचना प्रकाशन गर्ने सर्बसहमतिले निर्णय गरियो।

CamScanner